# ख्वपदेश उपन्यासमा सांस्कृतिक चेतना

**प्रेमनारायण भुसाल***

**लेखसार**

*'ख्वपदेश' भादगाउँले (भक्तपुरे) समाजको सामाजिक र सांस्कृतिक पक्षलाई ऐतिहासिक परिवेशमा राखेर सिर्जना गरिएको उपन्यास हो। भादगाउँले समाजका रीतिस्थिति, प्रथापरम्परा, चालचलन र त्यहाँ विद्यमान जाति प्रथाले सिर्जना गरेका विभिन्न किसिमका सामाजिक विखण्डन र विकृतिका रूपहरूलाई समेत समावेश गरेर इतिहास र सामाजिक परिदृश्यका सीमारेखाबाट अगाडि बढेको उपन्यास भएकाले यहाँ भक्तपुरे संस्कृतिका परिदृश्यहरू बिम्बित भएका छन्। सांस्कृतिक यथार्थ र औपन्यासिक विधागत मूल्यका बिच तालमेल गर्न खोज्दा संस्कृतिको यथार्थ रूप केकति चित्रित हुन पुग्यो भन्ने कुराको अन्वेषणका लागि कृतिको सर्वाङ्गीण अध्ययन, विश्लेषण तथा तत्कालीन समय र संस्कृतिचेतनाको आवश्यकता पर्दछ। पौरस्त्य संस्कृतिका पृष्ठभूमिमा भक्तपुरे समाजले अङ्गीकार गर्दै आएका आफ्ना मौलिक प्रथा र परम्पराहरूलाई समेत केकस्ता स्थानमा समावेश गरिएको छ भन्ने कुराको अध्ययनका लागि सांस्कृतिक उपकरणहरूको सहयोग लिइएको छ। कृतिमा उपन्यासकारले आफ्नो संस्कृति, सभ्यता र परम्पराको जगेर्ना गर्न सके मात्र जुनकुनै जातजातिको अस्तित्व सुरक्षित रहन सक्ने सन्देश प्रवाह गरेका छन्। ज्यापु समुदायलाई राज्य र समाजका अन्य पक्षबाट त्यति राम्रो दृष्टिले नहेरिएको सन्दर्भमा उपन्यासकारले यस समुदायको गौरवपूर्ण अतीत उद्घाटन गरी उच्च मनोबलका साथ अगाडि बढ्नका लागि मार्गप्रशस्त गर्ने काम गरेका छन्। इतिहास र सामाजिक यथार्थको दोसाँधमा रहेको प्रस्तुत उपन्यासले नेपाली ऐतिहासिक उपन्यास परम्परामा फरक किसिमको धारलाई आमन्त्रण गरेको छ। मातृप्रधान समाजका रूपमा रहेको ज्यापु समुदायकी शिक्षित, अनुशासित र संस्कृतिप्रेमी नारी पात्र चकनालाई प्रमुख नायिकाको भूमिका दिएर रचना गरिएको प्रस्तुत उपन्यासले भक्तपुरको संस्कृति, समाज र इतिहासलाई चियाउने आँखीझ्यालको रूप ग्रहण गरेको छ। ऐतिहासिक, सांस्कृतिक, सामाजिक र साहित्यिक मूल्यले समेत उच्च स्थान प्राप्त गर्न सकेको प्रस्तुत उपन्यास नेपाली साहित्यमा महत्त्वपूर्ण कृतिका रूपमा रहेको छ।*

**शब्दकुञ्जी**

ख्वपदेश, ज्यापु, भादगाउँ, पौरस्त्य संस्कृति, सांस्कृतिक चेतना।

---

* अध्यापक, बुढानीलकण्ठ स्कुल, काठमाडौँ।

# [Cultural Consciousness in Khwapadesh Novel

**Premnarayan Bhusal**

## Abstract

*'Khwapadesh' is a novel created by keeping the social and cultural aspects of Bhadgaun (Bhaktapure) society in historical context. Bhadgaun is a novel that goes beyond the boundaries of history and social landscape by including the customs, traditions, behavior and various forms of social fragmentation and distortion created by the caste system existing there. In order to find a harmony between the cultural reality and the fictional literary values, to explore how much the real form of culture has been portrayed, comprehensive study and analysis of the work and awareness of the time and culture are needed. In the background of Eastern culture, the help of cultural tools has been taken for the study of the places where the original customs and traditions accepted by the Bhaktapure society have been included. In this way, the novelist has conveyed the message that the existence of any caste can be preserved only if it preserves its culture, civilization and tradition. In the context that the Jyapu community is not viewed so favorably by the state and other aspects of the society, the novelist has opened the glorious past of this community and paved the way for them to move forward with high morale. The presented novel, which is at the intersection of history and social reality, has invited a different edge in the Nepali historical novel tradition. The present novel, composed by giving the role of the main heroine to Chakna, an educated, disciplined and culture-loving female character of the Jyapu community, which is a matriarchal society, has taken the form of a window into the culture, society and history of Bhaktapur. The presented novel, which has achieved a high position in historical, cultural, social and literary value, is an important work in Nepali literature.*

## Keywords

Khwapadesh, Jyapu, Bhadgaun, Eastern culture, Cultural consciousness.]

## विषयपरिचय

*ख्वपदेश* उपन्यास भरत जङ्गमको चौथो औपन्यासिक कृति हो । भरत जङ्गम आफैँमा सामाजिक सुधारका लागि सक्रिय व्यक्तित्वका रूपमा समेत प्रसिद्ध रहेका छन् । भ्रष्टाचारविरोधी दर्शनको सूत्रपात गरेर देशभित्र मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत आफ्नो छुट्टै दार्शनिक छवि बनाएका जङ्गम आफ्ना रचनाहरूद्वारा समाज सुधार, राष्ट्रप्रेम र संस्कृतिको संरक्षण गर्ने उद्देश्य राख्दछन् ।

कविता, कथा, गीत, निबन्धलगायतका विविध विधाको सिर्जनामा सक्रिय बहुमुखी प्रतिभाका धनी जङ्गमले यस उपन्यासमा आधुनिक सभ्यताले पिछडिएको समाजका रूपमा हेरेको भक्तपुर र त्यहाँका आदिवासी ज्यापु समुदायमाथि गरिएको उपेक्षाभाव, स्वकथित सभ्य मानिएको समाजले राखेको कुदृष्टि आदिबाट भक्तपुर र त्यहाँका आदिवासी ज्यापु समुदायलाई उन्मुक्त राखी मनोबल उच्च पार्नका लागि विगतको गौरवपूर्ण गाथालाई जीवन्त रूपमा समेटेका छन् । एक वर्षको पूर्ण अङ्कलाई हरेक महिनाका बाह्र परिच्छेदमा विभक्त गरी उपन्यासकारले भक्तपुर नगरीमा प्रचलनमा रहेका प्रमुख जात्रा, पर्व, उत्सव र कलाकौशलको ऐतिहासिक सन्दर्भ, सामाजिक मूल्य र सांस्कृतिक महिमालाई स्पष्ट रूपमा छर्लङ्ग्याउने काम गरेका छन् । ज्यापु समुदायभित्र रहेका असल अभ्यासहरूलाई सशक्त रूपमा अनावरण गर्ने काममा उपन्यासकार निकै सफल रहेका छन् । भक्तपुरको सामाजिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा र कलाकौशलको अध्ययन गर्न चाहने जोकोहीका लागि महत्त्वपूर्ण स्रोत सामग्री बन्न सक्ने हैसियत राख्ने प्रस्तुत उपन्यास साहित्यिक मूल्यले सम्पन्न, रोचक तथ्यपरक र भाषिक लालित्यले युक्त रहेको छ । नारी पात्रको केन्द्रीयतामा रचना गरेको प्रस्तुत उपन्यासले आधुनिकताका नाममा समाजमा विकृति भित्र्याउनु हुँदैन, संस्कृतिका राम्रा पक्षहरूलाई उजागर गर्दै जीवन र दैनिक व्यवहारमा अनुसरण गर्दै जानुपर्छ भन्ने सन्देश दिएको छ । भक्तपुरको समाजलाई ऐतिहासिक दृष्टिबाट नियालेर आत्मगौरव वृद्धि गरी आत्मसंस्कृति र आत्मोत्थानका लागि सक्रिय हुनुपर्ने सन्देश प्रतिपादन गर्न प्रस्तुत उपन्यास सफल रहेको छ ।

भरत जङ्गमका कृतिमा आधारित भएर फुटकर तथा विद्यावारिधि तहका अनुसन्धानात्मक अध्ययन भए पनि कृतिभित्रको सांस्कृतिक पक्ष अझ ख्वपदेशमै केन्द्रित भएर तथ्यपरक विश्लेषण हुन सकेको देखिँदैन । साहित्यिक तथा सांस्कृतिक मूल्यको अन्वेषण गर्दै कृतिको वास्तविक मूल्य पहिचान गर्नु नेपाली वाङ्मयकै लागि प्राज्ञिक र महत्त्वपूर्ण कार्य हो नै । अझ सम्बन्धित लेखकका अन्य कृतिमाथि विशद् अध्ययन भए पनि विवेच्य कृतिको सम्यक अध्ययन हुन सकेको छैन । औपन्यासिक गुणवत्ता तथा सामाजिक, सांस्कृतिक न्यायका दृष्टिले यस कृतिको अध्ययन र विश्लेषण गर्नु प्रस्तुत लेखको मुख्य समस्या हो । समस्यामा केन्द्रित भई गरिएको यस अध्ययनले नेपाली औपन्यासिक परम्परामा ख्वपदेशको स्थान र मूल्य पहिचान गर्न सहयोग पुऱ्याउने छ । संस्कृतिमा आधारित आञ्चलिक उपन्यासहरूको अध्ययन गर्ने सन्दर्भमा समेत प्रस्तुत लेख बलियो आधार बन्न सक्ने छ । कृतिभित्रका सांस्कृतिक सन्दर्भको चिरफार गर्ने तथा अन्य औपन्यासिक कृतिको अध्ययनका लागि समेत आधारभूमि तय गर्ने सन्दर्भमा प्रस्तुत अध्ययनको प्राज्ञिक महत्त्व र औचित्य पुष्टि हुन्छ । कृतिमा अन्तर्निहित सांस्कृतिक पक्षको साहित्यिक मूल्यका आलोकमा उद्घाटन गर्नु प्रस्तुत अध्ययनको मूल उद्देश्य रहेको छ । बहुमुखी प्रतिभाका धनी साहित्यकार भरत जङ्गमले नेपाली साहित्यका अनेक कलम चलाएका छन् । उनले लेखेका प्रबन्ध, मुक्तक, कविता, गीत र उपन्यासहरूमध्ये उनको पछिल्लो प्रकाशित उपन्यास *ख्वपदेश*मा चित्रित पौरस्त्य र स्थानीय मौलिक सांस्कृतिक पक्षको मात्र अन्वेषण, विश्लेषण र छलफल गर्नु प्रस्तुत अध्ययनको सीमा रहेको छ ।

## अध्ययनको विधि

संस्कृतिका सापेक्षतामा कृतिको विश्लेषण गर्ने गुणात्मक ढाँचाको अध्ययन भएकाले विवेच्य कृतिको पाठपरक तथा समकालीन औपन्यासिक प्रवृत्तिका सापेक्षमा सन्दर्भपरक अध्ययन गरी प्राप्त तथ्यको विश्लेषण गर्दै निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनमा भरत जङ्गमद्वारा सिर्जना गरिएका सम्पूर्ण उपन्यासहरूलाई सम्पूर्ण जनसङ्ख्या मानी सोद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा उनका हालसम्म प्रकाशितमध्ये नवीनतम र सांस्कृतिक मूल्यले सम्पन्न *ख्वपदेश*

उपन्यासको मात्र छनोट गरिएको छ। यस अध्ययनमा भरत जङ्गमको *ख्वपदेश* उपन्यासलाई प्राथमिक स्रोत र उपन्यासका बारेमा भएका अध्ययनहरू तथा विषयवस्तुलाई प्रकाश पार्नसक्ने सामग्रीहरू अन्य विभिन्न पुस्तकहरूबाट समेत सङ्कलन गरिएको छ। अध्ययनका क्रममा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको विश्लेषण गरिएको छ। यसका लागि विभिन्न प्रकाशित/अप्रकाशित पुस्तक, पत्रपत्रिका र लेखमा उपलब्ध सामग्रीको प्रयोग गर्दै प्राप्त तथ्यको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ। अध्ययनमा आगमनात्मक विधि आत्मसात् गरी प्राथमिक स्रोतका रूपमा रहेको *ख्वपदेश* उपन्यासको अध्ययनपश्चात् विश्लेषण गरिएको छ। विश्लेषण र निष्कर्षणका सन्दर्भमा सङ्कलित तथ्यको वर्णन, विश्लेषण र तुलनासमेत गरिएको छ।

आधुनिक साहित्यको महत्त्वपूर्ण विधाका रूपमा उपन्यास स्थापित भएको छ। ऐतिहासिक सन्दर्भमा रहेको महाकाव्यको समकक्षी उपन्यासले जीवनका बृहत् आयामहरूलाई समावेश गरेर पाठकलाई मनोरञ्जन, सूचना तथा बौद्धिक खुराकसमेत दिने गर्दछ। कथावस्तुको सुष्ठु वर्णन, आन्तरिक र बाह्य बनोट र बुनोट, उपयुक्त किसिमको चरित्रचित्रण, देश, काल र वातावरण र परिवेशको संयोजन उपन्यासकार महत्त्वपूर्ण अङ्ग हुन्। "जीवनका सर्वाङ्गीण पक्षको विश्लेषण र वर्णन, सामाजिक सुधार र युगीन परिस्थितिको सशक्त चित्रणमा प्रभावकारी भूमिका खेल्न सक्ने उपन्यास गद्य साहित्यको बृहत् र उत्कृष्ट सिर्जना मानिन्छ" (भुसाल, २०७८, पृ. २४६)। उपन्यासले प्रतिपादन गर्न खोजेको सन्देश वा भावलाई सुललित किसिमले सम्प्रेषण गर्ने सन्दर्भमा आख्यानकारले अवलम्बन गरेका शिल्पशैली र अन्य उपकरणहरूले पुऱ्याएको योगदानका बारेमा समेत उपन्यासको विश्लेषण गर्दा अध्ययन गर्ने गरिन्छ।

प्रस्तुत आलेख मूलतः *ख्वपदेश* उपन्यासमा अभिव्यञ्जित सांस्कृतिक चेतनालाई खोतल्ने उद्देश्यमा केन्द्रित रहेको छ। यसैले पौरस्त्य संस्कृतिका महत्त्वपूर्ण ग्रन्थहरू वेद, उपनिषद्, पुराण र दार्शनिक गन्थहरूका आलोकमा उपन्यासभित्र निहित पौरस्त्य दर्शनलाई पहिचान गर्ने तथा भक्तपुरको आफ्नै मौलिक सांस्कृतिक मूल्य र मान्यताका कसीमा उपन्यासमा चित्रण गरिएका पात्रहरूका व्यवहार र क्रियाकलापहरूलाई अवलोकन गर्ने काम प्रस्तुत आलेखमा गरिएको छ। यसका लागि सैद्धान्तिक आधारका रूपमा पौरस्त्य संस्कार र संस्कृति तथा भक्तपुरको ज्यापु समुदायको मौलिक संस्कृतिलाई लिइएको छ। प्रस्तुत लेखमा पौरस्त्य तथा भक्तपुरको मौलिक संस्कृतिका उज्यालामा उपन्यासभित्र घटित घटनाहरूलाई अवलोकन गर्ने काम भएको छ। *ख्वपदेश* उपन्यासमा अन्तर्निहित सांस्कृतिक चेतना पहिचान गर्ने क्रममा संस्कृतिलाई परिभाषित गर्दै उपन्यासको संरचना र वस्तुविधानका बारेमा अध्ययन गरिएको छ। ख्वपदेशमा पौरस्त्य संस्कृति चेतना र ख्वपदेशमा स्थानीय मौलिक संस्कृति उपशीर्षकमा अध्ययन-विश्लेषण गरिएको छ।

## संस्कृति र ख्वपदेश उपन्यासमा यसको स्वरूप

मानव समाजको चेतना, विकास र सभ्यताको प्रतिबिम्ब सम्बन्धित समुदायको संस्कृतिमा बिम्बित भएको हुन्छ। समाजमा विद्यमान रीतिस्थिति, मानमर्यादा, मूल्य र आचारगत विषयका यावत् कुराहरू संस्कृतिका अङ्ग बनेर रहेका हुन्छन्। परम्परागत रूपमा विकसित मूर्त, अमूर्त विश्वास, चालचलन र सामूहिक आनीबानी तथा मानव निर्मित सम्पूर्ण चिजलाई संस्कृतिको परिभाषाभित्र समावेश गर्न सकिए पनि समग्रमा कुनै पनि समाज विशेषका परिस्कृत र हस्तान्तरणीय आचार, विचार र रीतिस्थितिलाई संस्कृतिका रूपमा स्वीकार गरिएको पाइन्छ। *नेपाली बृहत् शब्दकोश* (२०५५, पृ. १२८०) मा कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने

सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप वा धेरै लामो समयदेखि देशकालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचारविचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तन-मनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह वा साधनलाई संस्कृति मानिएको छ। पौरस्त्य वेद, उपनिषद्, पुराण र धर्मग्रन्थमा उन्नत संस्कृतिको चर्चा गरिएको छ। आमाबुबा र आचार्यलाई देवतासमान मान्ने, अतिथि सत्कारलाई सौभाग्य मान्ने अनि दया, माया, करुणा, मैत्री र सहिष्णुतालाई जीवनका गहना तथा धर्म, अर्थ, काम, मोक्षरूपी पुरुषार्थ प्राप्तिका लागि तत्पर रहने प्रवृत्तिलाई उदात्त विचार र संस्कारका रूपमा स्वीकार गरेको देखिन्छ। पाश्चात्य जगत्मा पनि पितापुर्खाले अवलम्बन गरेका र वर्तमान पुस्तालाई हस्तान्तरण गरेका जीवनका यावत् कुरालाई संस्कृतिका रूपमा लिएको देखिन्छ। स्थान र कालसापेक्ष हुने भएकाले संसारभर सांस्कृतिक विविधता पाइन्छ। भाषा, दर्शन, वाङ्मय र दीर्घचिन्तन पद्धतिका कारण पौरस्त्य आर्य संस्कृति निकै सम्पन्न र उदार छ। यस संस्कृतिभित्र पनि विविध भेदहरू अस्तित्वमा रहेका छन् परन्तु प्राचीन ऋषिमुनिहरूले प्रवर्तन र संरक्षण गर्दै आएका सनातन आचारविचारलाई पौरस्त्य मानक संस्कृति मान्ने गरिएको छ।

*ख्वपदेश* उपन्यास पौरस्त्य संस्कृति र भादगाउँले ज्यापु समाजका मौलिक रीतिस्थितिका आधारभित्तीमा अडेको छ। उपन्यासमा एकातिर गुणकर्म विभागको अनुसरण र वर्णन देखिन्छ भने अर्कातिर ज्यापु समाजका मातृप्रधान समाजभित्रै हुर्कंदै आएको जातिगत विभेदका झिल्काझिल्की पनि मञ्चन भएका छन्। ऐतिहासिक समय सन्दर्भ, वर्तमानका असन्तोष, विरक्ति र विकार तथा सामाजिक परिघटनाको संयोजनले प्रस्तुत उपन्यास नेपालको महत्त्वपूर्ण सांस्कृतिक नगरीमा झुल्केको सांस्कृतिक छटा बन्न पुगेको छ। उपन्यासकारले भादगाउँले नरनारीका जीवनशैली, विश्वास, चिन्तन, आचरण र रीतिस्थिति मात्र होइन, त्यहाँको कलाकारिता, ऐतिहासिक, पौराणिक र आध्यात्मिक समय-सन्दर्भ तथा सो संस्कृतिको गौरव गाथालाई समेत टपक्क टिपेर उपन्यासमा सजाएका छन्।

## ख्वपदेश उपन्यासको संरचना र वस्तुविधान

*ख्वपदेश* उपन्यास १२ महिनाका नामबाट शीर्षकीकरण भएको छ। बाह्र महिनाको एक चक्करमा यस उपन्यासको आयाम विस्तार भएको छ। बाह्र महिनाको अक्षमा घुम्दा उपन्यासले २०७ पृष्ठको यात्रा तय गरेको छ। ज्यापु समाजकी शिक्षित, विवेकी नारी चकनाका आत्मालाप र संवादका केन्द्रीयतामा उपन्यासका परिच्छेदहरू अन्तरसम्बन्धित र अनुबन्धित भएका छन्। बाह्र महिनाका नामबाट प्रचलनमा रहेका भक्तपुरे चाडपर्व, संस्कार, संस्कृति र ती पर्वको ऐतिहासिक सन्दर्भ अनि जन सहभागिताका अनेकानेक विषयको वर्णनले प्रस्तुत उपन्यासमा विषयवस्तुको रूप ग्रहण गरेको छ।

> स्थानीय चाडपर्व, बिस्केट जात्रा, जनैपूर्णिमा, गाईजात्रा, नवरात्र, गुलाँ पर्व, धान्यपूर्णिमा, जङ्कोजस्ता चाडपर्वले नेपाली संस्कृतिलाई जगेर्ना गरेका छन्। हालसम्म यी चाडपर्व मनाउने चलन र यिनीहरूले राष्ट्रिय महत्त्व राखेको कुरा उल्लेख छ। फरक शीर्षक दिई फरक व्याख्या गर्दै भादगाउँ क्षेत्रको सामाजिक, ऐतिहासिक एवं सांस्कृतिक पक्षलाई जानकारी गराउन खोजिएको छ। (सापकोटा, २०७८, पृ. ६३९)

ऐतिहासिक समयदेखि नै कान्तिपुर र ललितपुर सभ्य मानिएका तर भादगाउँ उपेक्षित रहँदै आएको पृष्ठभूमिमा त्यहाँका नागरिकमा सामूहिक अचेतनका रूपमै विस्तीर्ण हुँदै गएको हीनताबोधले आत्मपहिचान धुमिलिन थालेको मात्र होइन।

> जानिफकार र टाठाबाठाहरू ख्वपदेशबाट काठमाडौँका अतिरिक्त अन्य स्थानमा बसाइँसराइँ गर्न रुचाउँथे । त्यसरी जमातका जमात बसाइँसराइँ भएपछि ख्वपदेश साँच्चै भादगाउँमा परिवर्तन भयो, अर्थात् एउटा असक्षम, कमजोर र हिम्मतहाराको वस्तीका रूपमा चिनिन थाल्यो । 'भादगाउँले' भनेपछि उपत्यकाका कान्तिपुर र ललितपुर नगरमा बसोबास गर्ने नागरिकभन्दा तल्लो दर्जाको नागरिक भन्ने प्रतीत हुन थाल्यो । (जङ्गम, २०६६, लेखकीय पृष्ठ)

विक्रमको उन्नाइसौं र बिसौं शताब्दीमा ख्वपदेशले भादगाउँ नाम ग्रहण गरेपछि यसको विपुल ऐश्वर्य गाथा वर्तमानको क्षितिजबाट विलीन हुन थालेको प्रसङ्गले उपन्यासकारलाई ख्वपदेशको गौरवगाथा पुनर्प्रकाशित गर्ने हुटहुटी चलेको देखिन्छ। "मल्लकालीन राष्ट्राध्यक्षको बुद्धिमत्तापूर्ण र दूरदर्शितापूर्ण कायले नै ख्वपदेश सुरक्षित, सुसंस्कृत, सभ्य र स्वर्गीय वैभवयुक्त भएकोमा उपन्यासकार जङ्गम हर्षित बन्न पुगेका छन्" (भट्टराई, २०७८, पृ.८५९) । विस्मृतिमा पुग्न लागेका ख्वपदेशका ऐतिहासिक सम्पदाको पुनर्जागृति, पुनर्संरचना तथा अतीतको गौरवपूर्ण गाथाको स्मृतिद्वारा ख्वपनगरका ज्यापु समुदायको आत्मसम्मान वृद्धि गर्ने ध्येयका साथ उपन्यासको वस्तुविन्यास गरिएको छ। यसैले उपन्यासभर ख्वपनगरका भौतिक र अभौतिक सम्पदालाई अकलुषित रूपमा चित्रण गर्ने तथा ज्यापु चेली चकनाका माध्यमद्वारा उपन्यासको अन्तरतन्तु निर्माण एवं पछिल्लो समयका परिवर्तनले निम्त्याएका विकृति विसङ्गतिको अनावरणलाई प्रधानता दिइएको छ ।

यसरी सूर्य परिभ्रमण गर्ने १२ राशि वा महिनाको बाह्य दृश्य परिच्छेद योजनाअन्तर्गत ३६५ दिनका महत्त्वपूर्ण पर्व, जात्रा, उत्सव र महोत्सवको उल्लासपूर्ण वातावरण सिर्जना गर्दै एक पूर्ण संवत्सरको वृत्तखण्डमा उपन्यासको वस्तुविधान भएको छ। उपन्यासलाई आकर्षित गराउन मात्र नभएर त्यहाँको यथार्थिक दृश्योपस्थान गर्न चकनाका जीवनका आरोह-अवरोह, उनीमाथि भएका दुर्व्यवहार र सामाजिक चिन्तन-दर्शनको सोद्देश्यपूर्ण विन्यास भएको छ ।

## ख्वपदेश उपन्यासमा पौरस्त्य संस्कृति चेतना

भक्तपुरको रहनसहन, कलाकृति, रीतिस्थिति र मूल्य-मान्यतालाई प्रकाश पार्ने *ख्वपदेश* उपन्यास पौरस्त्य संस्कृतिबाट अनुप्राणित उपन्यास हो । 'सत्यं वद, धर्मं चर, स्वाध्याय मा प्रमद' को आदर्श संस्कारले सुसंस्कृत पात्रको आयोजनाद्वारा उपन्यासकारले 'सत्यमेव जयते' को सन्देश प्रतिपादन गरेका छन् । उपन्यासको श्रीगणेश नै होली पूर्णिमाबाट गरेर उपन्यासकारले शक्तिको दुरुपयोग गर्ने होलिकाको अन्त्य तथा सदाचार र सत्कार्यमा अनुलिप्त प्रह्लादको विजय गाथा जोडिएको पौरस्त्य सनातन बिम्बलाई स्थापित गरेका छन् । उपन्यासको प्रमुख पात्र चकना परम्परागत रूपमा मनाइँदै आएका मेलापर्वलाई अभिरुचिपूर्वक हेर्ने र सहभागिता जनाउने मात्र होइन, संस्कृतिको अवमूल्यन हुने किसिमले गरिएका कृत्यप्रति चिन्तितसमेत हुन्छिन् । प्रमुख पात्रका अभिव्यक्तिबाटै उनको संस्कृतिप्रतिको अगाध आस्था र विश्वास प्रकटित हुन्छ ।

> होली पर्वले मानिसलाई जुटाउँछ, प्रेम र सद्भाव बढाउँछ। तर वर्तमानमा होलीको नाउँबाट चलेको विकृत व्यवहारको अभ्यासले मान्छे मान्छेभित्रको सम्बन्धलाई नै छुटाउँछ भन्ने मलाई लागेको छ। पोहोर सालकै होली पर्वको अघिल्लो दिन यही टोलका बदमास केटाहरूले पानी भरिएको लोलाले हिर्काउँदा ब्यासी टोलकी हेरामायाको आँखाको नानीमा दखल परेर आँखा बिग्रिएको छ। यसरी चाडपर्वलाई नचाहिने किसिमबाट प्रयोग गर्दै चल्न खोजेको चलनलाई व्यवस्थित र मर्यादित बनाउन समाजका अगुवाहरू जुट्नुपर्ने हो। यस

उत्सवलाई व्यवस्थित रूपले सञ्चालन गर्न अगुवाहरू शिथिल देखिन्छन् । त्यसको ठिक उल्टो युवाहरू भने उच्छृङ्खल हुन पुगेका छन् । (जङ्गम, २०६६, पृ. ३)

राजा जयस्थिति मल्लले बाँधेको रीतिले भक्तपुरलाई पश्चिमी कानुनी सिद्धान्त र मानव अधिकारका अभियानहरू सुरु हुनुभन्दा कैयौँ सय वर्षपूर्व लिखित नीतिनियममा राखेबाट प्राचीन सभ्यता र सुसंस्कृत संस्कृतिप्रति उनको झुकाव र आशक्ति बढेको देखिन्छ । संस्कृति, सभ्यता र परम्परागत मूल्यबोध गरेकी नायिका चकना संस्कृतिको रक्षा र विकृति निर्मूलीकरणमा युवा पुस्तालाई सक्रिय हुन आग्रहसमेत गर्छिन् ।

सभ्यता भनेको मानवीय गुण विकसित हुन सक्ने वातावरणको तयारी गर्न सक्ने संस्कृति हो भने संस्कृति भनेको सरल र सहज ढङ्गले मानवीय जीवनयापन हुन सक्ने जीवनशैली हो, जसलाई सभ्यता पनि भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा कला, साहित्य, इतिहास, भाषा, धर्म आदि विभिन्न विषयको समष्टिगत नाम संस्कृति हो । त्यसैले परम्परादेखि चल्दै आएको रीतिस्थिति र मान्यतालाई जगेर्ना गर्न जान्नुपर्छ । आधुनिकताका नाउँमा परिवर्तन गर्न खोज्दा विकृति भित्रिन्छ र जीवन दुःखमय हुन सक्छ भन्नेतर्फ पनि सजग हुनुपर्छ । (जङ्गम, २०६६ पृ. १०)

प्रणयभावले उद्वेलित भई आफैँद्वारा बालसखा शिवजुजुका हात आफ्ना छातीमा लगाउँदा चकनाले आफू बिटुलिएको महसुस गर्नुमा एकपति एक पत्नी सम्बन्ध तथा विवाहेतर सम्बन्धलाई अस्वीकार र निषेध गर्ने प्राच्य संस्कृतिले भूमिका खेलेको छ । ब्राह्मण पुत्र भएकाले शिवजीले लामो शिखा राख्ने तथा शौचकर्म गर्दा कानमा जनै बाँध्नेजस्ता परम्परागत मूल्य र संस्कारलाई अनुसरण गरेको छ । आचार, विचार तथा नीतिचेतना हरेक संस्कृतिको आत्मा हो, जसले सामाजिक प्रकार्यमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । मात्र विधि वा कानुनले दिएका अधिकार उपभोग गर्ने तथा निषेध गरेका कार्य नगर्ने हो भने मानव जीवन शुष्क र यान्त्रिक मात्र होइन, झन्झटिलो र बोझ मात्र बन्ने थियो । मेसिनका पाटपुर्जालाई घर्षणबिना सलल बग्न मोबिलजन्य विभिन्न पदार्थले सघाएजस्तै वा धातुको जडानमा रसायनले भूमिका खेले जस्तै जीवनलाई सरस र उत्साहपूर्ण बनाउन अमूर्त र परम्परित विधिनिषेधका प्रथा र परम्पराले सहयोग पुऱ्याएका हुन्छन् । सामाजिक प्रथा र परम्पराको आविर्भावका सन्दर्भमा अन्वेषण गर्दै जाँदा तत्कालीन परिवेश र परिस्थितिले सिर्जना गरेका विविध घटनाक्रमसँग साक्षात्कार हुन्छ । यद्यपि लामो समयको अन्तरालमा प्रचलित केही मूल्यमा रूपान्तरण पनि खड्किएको हुनसक्छ तर बिनाकारण कुनै पनि रीति नबनेकाले मानव समाजलाई आघात नपरून्जेल यस्ता रीतिको अनुसरण नै लाभदायी हुने गर्दछ । चकना परम्परित संस्कृति र जीवनशैलीलाई अन्योन्याश्रित रहन दिनुपर्ने पक्षमा अडिग रहेकी छन् । "यस्तो सार्वजनिक स्थलमा पनि कहाँ बस्नु हुन्छ, कहाँ बस्नु हुँदैन, के गर्नु हुन्छ, के गर्नु हुँदैन, के गर्नुपर्छ, वा के गर्नुपर्दैन, भन्नेजस्ता लागु भएका नीतिनियमहरू पालना गर्दा जीवन सरल बन्छ, जीवनयापन सजिलोसँग चलेको हुन्छ । व्यवस्थित तथा अनुशासित पद्धतिलाई जीवन शैलीमा ढाल्न सकियो भने जीवन सुखमय बन्छ" (जङ्गम, २०६६, पृ.३०-३१) । जीवनलाई सहज, सरल र स्वाभाविक बनाउन हाम्रा प्रथा-परम्परा र रीतिस्थितिले स्वादिष्ट मसलाको काम गरेका हुन्छन् । यिनको संरक्षण र विकृतिका दाग लाग्नबाट जोगाउन सक्रिय रहनुपर्ने चेतका कारण उनी जातिप्रथाको सूत्रपात गरेर आफूलाई कथित तल्लो वर्गमा राखिदिने मल्ल शासकप्रति पनि द्वेष र घृणाभाव राख्दिनन् ।

हिजोका मल्ल शासकहरूले हामी र हाम्रो समुदायलाई हेय दृष्टिले हेरेनन् । हाम्रो समर्थनमा तिनीहरूले राज्य सञ्चालन गर्न पाएका हुँदा हामीलाई मुख्यमुख्य कार्यसम्पादनका नायिके बनाए । खेतीको जिम्मा दिए, घरेलु उद्योगको जिम्मा दिए, देशसंरक्षणको जिम्मा दिए । यतिमात्र होइन, ख्वपदेशको मेरूदण्डका रूपमा रहेको धर्म, कला र संस्कृतिको संवर्धन र

संरक्षण गर्ने जिम्मा दिए। जातीय विभेद भए पनि उनीहरूले ख्वपदेशलाई सबै वर्ग र समुदायमा समन्वय कायम गर्ने केन्द्र बनाए। (जङ्गम, २०६६, पृ.३५)

पौरस्त्य संस्कृति प्राकृतिक चक्र र व्यवहारसँग प्रत्यक्ष सम्बन्धित छ। मौसमअनुकूल मेलापर्व, जात्रा, संस्कार तथा प्रकृतिपुरुष वा नारीपुरुषको सम्मीलनद्वारा नयाँ जीवनको नवसिर्जना, प्रकृतिपूजन र दैवी शक्तिमा मानवीय भाव आरोपण पौरस्त्य संस्कृतिका विशेषता पनि हुन्।

> त्यहाँ भैरवनाथ विराजमान भएको भैलखः र भद्रकाली आरूढ भएकी नकीँःखलाई 'संयोग' गराइने कार्यक्रम हुन्छ। सारांशमा भन्नुपर्दा भैरव र भद्रकालीको मिलन गराइन्छ। एक वर्षमा एकपटक बन्द मन्दिरबाट निस्किएका भैरव र भद्रकाली उत्साह र उमङ्गपूर्वक देशका जनतासँग लिङ्ग दर्शन गरेर फर्किएपछि यात्रा समापन भएको खुसियालीमा विपरीत लिङ्गका देवदेवीको संयोग हुनु प्राकृतिक भएको हुँदा त्यो कार्य जात्राको रूपमा दुवै देवदेवीको रथ जुधाएर सम्पन्न गर्ने गरिन्छ। ...हो ! गाहिटीमा भैरवनाथ र भद्रकालीको रथ जुधाउँछन्, शिव र शक्तिको संयोग स्वरूप। (जङ्गम, २०६६, पृ. ५९)

> बिस्केट जात्रा, भैरवनाथको रथयात्रा, भद्रकालीको रथयात्रा, खःमय व्याकेजु जात्रा, गाईजात्रा र लिङ्गो जात्राको सूक्ष्म वर्णन यहाँ गरिएको छ। काशीका भगवान् विश्वनाथ नै भैरवका रूपमा रही नगरमा शान्तिसुरक्षा र आनन्द प्रदान गर्न यहाँ आउनुभएको खुसियालीमा भेलुखेल रथ यात्राको प्रचलन भएको ऐतिहासिक सत्यको उद्‌घाटन साहित्यकार जङ्गमबाट भएको छ। राष्ट्रमा आध्यात्मिक ज्योति फैलाउन यस्ता जात्राको महत्त्वपूर्ण भूमिका रहेको छ। (भट्टराई, २०७८, पृ. ८५९)

सामाजिक आवश्यकता र प्रकार्य पूरा गर्ने सन्दर्भमा परापूर्वकालदेखि भूगोल, रहनसहन, वातावरण र परिस्थितिअनुकूल चालचलनहरू प्रचलनमा आएका हुन्। नागरिकको आर्थिक, सामाजिक र राजनीतिक चेत तथा परिवर्तनसँगै यस्ता संस्कार र संस्कृतिमा क्रमशः परिवर्तन आउँछ। श्रीमद्‌भगवत् गीतामा श्रीकृष्णले अर्जुनलाई सम्झाउने क्रममा आंशिक दोषयुक्त भए पनि आफ्नो संस्कारलाई परित्याग नगर्ने उपदेश दिएका छन्। आफ्नो मौलिक धर्म, संस्कृति र परम्परालाई बिर्सेर पराई संस्कारको ग्रहण गर्नु कुनै पनि अर्थमा राम्रो होइन, भन्ने कुरालाई श्रीकृष्णले 'स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः' भनेर वर्णन गरेका छन्। यही उक्तिलाई आत्मसात् गरी प्राच्य संस्कृतिका अनुयायीले पुर्खाहरूले अपनाएका विधि र पद्धतिलाई सम्मानपूर्वक ग्रहण र समर्थन गरेका हुन्छन्। उपन्यासकी प्रमुख पात्र चकनाको मनोवृत्ति पौरस्त्य संस्कारको उपर्युक्त चेतनाबाट अभिसिञ्चित भएकैले परम्पराप्राप्त संस्कृतिलाई सम्मान गर्नुपर्ने कुरामा दृढ चित्त छिन्। "सयौँ वर्षदेखि चलिआएको रीतिस्थितिलाई हाम्रो पुस्ताले अवरोध गर्न मिल्दैन भन्ने धारणा बोकेकी म र मेरो विचारलाई केही व्यक्तिहरू मान्यता दिँदैनन्। ठीक छ, अवरोध पुऱ्याउँछन्, प्रचलनलाई मास्न खोज्छन् र समुदायको हित चिताउँदैनन् भने उनीहरू र उनीहरूका सन्ततिले नै दुःख झेल्दछन्" (जङ्गम, २०६६, पृ. ६५)। उपयुक्त भनाइका अन्तरगर्भमा प्राच्य संस्कृतिको 'सत्यमेव जयते' र 'धर्मो रक्षति रक्षितः' ले दह्रो प्रभाव पारेको सहजै बोध गर्न सकिन्छ।

पौरस्त्य संस्कृतिले जीवनमा १६ संस्कार अपरिहार्य छन् भन्ने मान्यता राख्दछ। गर्भाधानबाट दाहसंस्कारपर्यन्तका यी विविध संस्कारले मानव शरीर र आत्मालाई परिष्कृत बनाउने मान्यता राखेको पाइन्छ। वंश निरन्तरता तथा गृहस्थ जीवनलाई सुसञ्चालन गर्न १६ संस्कारमध्ये विवाह संस्कार अत्यन्त महत्वपूर्ण छ। यसैले पूर्वीय परम्परामा घर घर बन्नका लागि गृहिणीको उपस्थिति अनिवार्य मानिन्छ। 'न गृहं गृहमित्याहुः गृहिणी गृहमुच्यते, गृहं हि गृहिणीहीन मरण्यसदृशं मतम्' भन्ने नीतिवाक्यले हरेक धार्मिक गृहस्थ र सांस्कृतिक कर्म पति र पत्नीको सहकर्म र समुपस्थितिमा हुनैपर्ने संस्कृति वैवाहिक सम्बन्ध वा संस्कारपछि मात्र एक पूर्ण मानव अस्तित्व स्वीकार गरिएबाट स्पष्ट हुन्छ। शरीरको बाम भाग नारी र दाहिने भाग पुरुष मिलेर मात्र पूर्ण

मानव बन्ने सन्देश नारीश्वर शिवरूपले समेत सङ्केत गरेको छ। उपन्यासकी सामान्य पात्र तरिमाका मानसपटलमा गहिरोसँग गडेको पौरस्त्य दर्शन र संस्कृतिको यही नारीश्वरभावको अभिव्यञ्जना चकनासँगका वार्तालापमा अभिव्यक्त पनि भएका छन्। "पुरुष र नारी एक अर्काका पूरक हुन्। सिङ्गो एक लिङ्ग जहिले पनि कमजोर, अधुरो र अपूर्ण हुन्छ। यस्तो एकल लिङ्ग तब मात्र शक्तिवान् हुन्छ जब दुवै लिङ्ग एकाकार हुन्छन्" (जङ्गम, २०६६, पृ. १०५)। सृष्टि सञ्चालनका लागि समेत अपरिहार्य दाम्पत्य सम्बन्धलाई अति पवित्र, जन्मजन्मान्तर अविच्छिन्न मान्ने पौरस्त्य संस्कृतिको उन्मेष उपन्यासका यी पात्रका व्यवहार र अभिव्यक्तिबाट टड्कारो रूपमा अभिव्यञ्जित भएको छ। समग्रमा ख्वपदेश उपन्यासको बाह्य रूप ज्यापु जातिको महिमाबोध र भक्तपुरका भौतिक, अभौतिक सम्पदाको प्रकाशन भए पनि यसको भित्री आधार वा तान भने पौरस्त्य संस्कृति नै देखा पर्दछ। अर्को शब्दमा भन्दा पौरस्त्य संस्कृतिका आलोकमा उपन्यासका चरित्रहरूले विविध भूमिका वहन गरी उपन्यासकारको पौरस्त्य संस्कृतिप्रतिको मोहलाई मूर्तता प्रदान गरेका छन्।

## ख्वपदेश उपन्यासमा स्थानीय मौलिक संस्कृति

आञ्चलिक उपन्यास ख्वपदेशले भक्तपुरका स्थानीय सम्पदा, संस्कृति, रीतिस्थिति र जनजीवनको सजीव चित्र खिचेको छ। स्थानीय प्रथा, परम्परा, संस्कृति र विकृतिको चित्रणले भादगाउँले ऐतिहासिक बिम्ब निर्माण गरेको छ। लेखकको जन्मस्थान भएकाले पनि भक्तपुरका नागरिकको जीवनशैली, बोलीचाली र जीवनचेतनाको सशक्त प्रतिबिम्बन हुन सकेको अनुमान गर्न सकिन्छ। लेखकले आफ्नो लेखकीय मन्तव्यमै लेखेका छन् :

> इतिहास, संस्कृति र सामाजिक व्यवहारलाई समावेश गर्दै रचिएको यस उपन्यासले ज्यापु जातिको गौरवमय इतिहासको झलक दिनुका साथै त्यस जातिको वर्चश्व, वैभव, सभ्यता र गरिमालाई अनन्तकालसम्म कायम राख्न सकियोस् भन्ने भावना पनि यस उपन्यासमा अन्तर्निहित भएको हुँदा कुनै वर्ग वा जातिलाई उँचनिच हुन गएको छ भने कथ्य र घटनाको उपज मात्र सम्झन पनि म पाठहरूमा निवेदन गर्दछु। (जङ्गम, २०६६, पृ. क)

जङ्गमको उपर्युक्त कथनबाछट भक्तपुरको गौरव गाथालाई औपन्यासिक मूल्य प्रदान गर्ने सन्दर्भमा उनले लेखकीय धर्म र इमानदारितालाई वहन गरेका छन् भन्ने प्रतीत हुन्छ। अनेक शिल्प र व्यवसायमा सफल ज्यापु जाति विशेषलाई राजनीतिक स्वार्थपूर्तिका कारण किसान जातिमा सीमित गरिदिएको वर्तमान अवस्थासँग उपन्यासकार पटक्कै सन्तुष्ट छैनन् बरू यस जातिले अवलम्बन गर्दै आएका व्यावहारिक र वैज्ञानिक विधि र पद्धतिलाई जीवन्त राख्दै अन्य समुदायले समेत आत्मसात् गर्नुपर्ने आग्रह राख्दछन्।

बेलविवाह इहीलाई नेवारी मौलिक संस्कृति मानिन्छ। रजोवृत्ति हुनुअगावै कन्यादान गर्नुपर्ने अन्यथा कन्याका पिता र भ्राता नरक जानु पर्ने भन्ने मान्यतामा आधारित भई उक्त दोष निवारणार्थ गरिने बेलविवाहका कारण ज्यापु समाजमा महिलाले निकै स्वतन्त्रता प्राप्त गरेको कुरा उपन्यासमा वर्णन भएको छ। ज्यापु समाजको मौलिक संस्कृति भए पनि बेलविवाहको इतिवृत्त पौरस्त्य संस्कृतिसँग कुनै न कुनै रूपमा जोडिन पुगेको छ।

> त्यो बेलविवाह नभएर 'सुवर्णकुमार' सँग कुमारी केटीको विवाह गराउने प्रचलन चलाएर विवाह सम्बन्धी दोषमुक्त गरिएको कार्यक्रम रहेछ। सनातन धर्म र पद्धतिमा कुनै पनि बाबुआमाले आफ्नी कन्याको वर वरण गर्दा त्यस कन्याको रजोवृत्ति हुनुअगावै गरिसक्नुपर्छ भन्ने मान्यताका आधारमा 'सुवर्णकुमार' विवाह पद्धतिलाई हाम्रो समुदायले अख्तियार गरेको रहेछ। 'सुवर्णकुमार'को अर्थ चम्किलो, तेजस्वी, सुन्दर र मूल्यमान्यतायुक्त कुमार रहेछ र

त्यस्तो कुमारको परिकल्पना गरी कन्यादान दिने प्रचलन चलेको रहेछ। हुन पनि एउटी नारीलाई त्यस्तै पुरुषको आवश्यकता पर्दछ– सूर्यजस्तै प्रकाशमान्, देवताजस्तै दयावान् र सुवर्णजस्तै मूल्यवान्। यो शाश्वत सत्य हो। त्यसैले हाम्रो समाजमा सूर्य देवता र पुरुषलाई एउटै कक्षमा राखेर हेर्ने चलन चलेको रहेछ। (जङ्गम, २०६६, पृ. ७६–७७)

बेलविवाह सम्पन्न भएपछि शारीरिक आवश्यकताअनुसार लोग्ने छान्न मिल्ने भएकाले विवाह र पुनर्विवाहका घटनालाई अनौठा र त्यति ठुला कुरा मानिन्न।

कुनै पनि पुरुष वा नारीको आफ्नै चाहना र जिम्मेवारीमा पनि अनुबन्धित हुन पाउने चलन कायम छ। त्यसैले हाम्रो जातमा लोग्नेको मृत्युपश्चात् विधवा हुने वा त्यस्तो भेष धारण गर्नुपर्ने वा विधवा नै बस्नुपर्ने चलन छैन। ...कतिसम्म भने कुनै नारीलाई उसको वर्तमानको लोग्नेसँग बस्न मन लागेन भने अर्को लोग्ने खोजेर वर्तमानको लोग्नेलाई छोड्न सक्छे। यस्तो कार्य सम्पादन गर्न कुनै लिखत चाहिँदैन। समाजका गन्यमान्य मान्छे जम्मा भएर तय गर्ने पनि गर्नुपर्दैन। अभिभावकले मन्जुरी दिइरहनु पनि पर्दैन। केवल छोड्न चाहेको लोग्नेको घर बिनासूचना छोडन र आफूले खोजेको नयाँ लोग्नेको अधीनमा चार रात बिताउन सकी भने स्वतः वर्तमानको लोग्नेसँग उसको पारपाचुके हुन्छ र नयाँ लोग्नेसँग सम्बन्ध जुट्न पुग्छ। यस हिसाबले हेर्दा हाम्रो जातिमा नारी स्वतन्त्रता सुरक्षित छ भनेर मान्नुपर्छ। (जङ्गम, २०६६, पृ. ७७)

ज्यापु समाज नारीकेन्द्री वा मातृप्रधान परिपाटीमा सञ्चालित समाज भएकाले छोरा नै जन्माउनुपर्ने भन्ने पितृसत्तात्मक चिन्तनको छाप परेको देखिँदैन। म्हपूजा ज्यापु समुदायको अर्को मौलिक पहिचान हो। आफ्नो शरीरको पूजा गरेर आफूभित्रै ईश्वर रहेको भाव सिर्जना गर्नु तथा आत्मा र परमात्माका बिचको सम्बन्धलाई स्पष्ट पार्ने यस कृत्यले आत्मबोध, आत्मसम्मान र स्वयमेव ईश्वर वा 'अहम् ब्रह्मास्मि'को भावनालाई चरितार्थ पार्ने प्रयास गरेको अनुभव गर्न सकिन्छ। आफूलाई सर्वाधिक सभ्य भन्ने पश्चिमा समाजमा नीतिनियम र कानुनको परिकल्पना हुनुभन्दा सयौँ वर्षअगाडि लिखित कानुनको अभ्यास गरिसकेको ज्यापु समुदाय आधुनिक बैङ्किङ पद्धतिको सुरूवात हुनुभन्दा सयौँ वर्षपहिले नै गुठीका माध्यमबाट नव सभ्यताको शिखरमा पुगिसकेको देखिन्छ।

प्राचीन गौरवपूर्ण इतिहास बोकेको ज्यापु सभ्यतामा आधुनिक विश्वबजारमा विकसित बैङ्क, व्यापार र मानवाधिकारलगायतका विविध कुराले आदिकालमै झ्याङ्गिने मौका पाएका थिए भन्ने कुरा उपन्यासका विविध प्रसङ्गबाट स्पष्ट भएको छ। त्यसो त ऋण तिर्न कुनै पनि उपाय नलागे टाट पल्टेको घोषणा गर्ने विधिसमेत ख्वपनगरमा विद्यमान रहेको कुराको साक्षी तः डबलीको कुनामा रहेको तः डबुया लोहँ नै छ।

सदियौँ पहिले यस ख्वपदेशमा बस्ने कुनै पनि नागरिकले लिएको ऋण तिर्न नसक्ने भन्ने स्थिति आएमा यस ढुङ्गामा चित परेर सुतेपछि ऋणमुक्ति हुने व्यवस्था थियो। सम्झँदा गर्वले छाती फुक्छ- सभ्यता र मानवअधिकारका दृष्टिले पश्चिमी मुलुकभन्दा मेरो ख्वपदेश अगाडि रहेछ। एक शताब्दीअगाडिसम्म विकसित बनाउँदा युरोप र अमेरिकाका मुलुकहरूमा ऋणीले शरीरको मासु काटेर ऋण चुक्ता गर्नुपर्ने वा जीवनभर साहुको बँधुवा नोकर भएर बस्नुपर्ने कानुन थियो। (जङ्गम, २०६६, पृ. २४)

गौरवपूर्ण इतिहास र संस्कृति बोकेको ख्वपदेशमा जातिगत विभेदले अत्यन्त विकृत रूप देखाएको भए पनि अन्य प्राचीन प्रथा, परम्परा समाज र सबै नागरिकको हितका लागि सञ्चालित थिए। यसरी अस्तित्वमा रहेका संस्कार र संस्कृतिले समाजमा मेलमिलाप कायम गर्दै आध्यात्मिक र भौतिक विकासका लागि घच्घच्याएका थिए। कुनै पनि परम्परा खराब मनसायबाट सुरु नभए पनि

आधुनिकताका नाममा भित्रेका विकृतिबाट ख्वपदेश पनि अछुतो रहन सकेको छैन। विकृतिका बाछिटाले उपन्यासकी नायिका विक्षुब्ध बनेकी छन्।

> एकआपसमा प्रतिस्पर्धाको भावनाले सिपविकास गरून्, वृत्तिविकास गरून्, आर्थिक विकास गरून्, स्थानीय क्षेत्रको विकास गरून्, सांस्कृतिक विकास गरून्, सहयोगात्मक भावनाको विकास गरून्, समष्टि नगर विकासमा जुटून् र जुट्न सकून् भन्ने उद्देश्यका साथ तल्लो क्षेत्र र माथिल्लो क्षेत्र भनेका रेखाङ्कन गरिएको थियो। पूर्वजहरूको यो दूरदर्शी निर्णय लामो अवधिसम्म चल्यो पनि।...अचेल प्रत्येक वर्ष यो टौमढी युद्धभूमिका रूपमा देखिने गर्छ। ...आधुनिक समाजले भित्र्याएको नयाँ संस्कृति हो झगडा। वर्तमानको टौमढी युद्धभूमि सावित भएको छ भन्दा दुःख लाग्छ" । (जङ्गम, २०६६, पृ. २०)

भीम रथारोहण र चन्द्रदर्शनका रूपमा प्रचलित जीवनको उत्तरार्धमा गरिने महोत्सव जङ्को र योमरीपुन्ही वा धान्यपूर्णिमाका मौलिक उत्सव र परम्परा ख्वपनगरका अमूल्य सांस्कृतिक रत्न हुन्। "ख्वपदेशका यस्ता अनेकौँ वैभवयुक्त मौलिक संस्कृतिको पहिचान गराउनु लेखकको संस्कृतिप्रतिको उच्च प्रेम हो। ख्वपदेशको मौलिक परम्परा र गौरवशाली विशेषतालाई नयाँ पुस्तासम्म छर्न साहित्यकार जङ्गम अहिले पनि सक्रिय रूपमा लागिरहेका छन् (भट्टराई, २०७८, पृ. ८६१)। सामाजिक एकता र सहिष्णुताको अभिव्यक्तिमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका ख्वपनगरका अनेकानेक मौलिक संस्कृति ज्यापु जातिका लागि मात्र नभएर समग्र नेपाली अझ पौरस्त्य परम्परामा विश्वास गर्ने जो कोहीका लागि अनुकरणीय र अनुसन्धेय विषय बनेर रहेका छन्।

## निष्कर्ष

सांस्कृतिक नगरी भक्तपुरका समसामयिक विषयवस्तुलाई ऐतिहासिक सन्दर्भ दिएर रचना गरिएको ख्वपदेश उपन्यास नेपाली उपन्यास परम्परामा नित्य नवीन प्राप्तिका रूपमा रहेको छ। ऐतिहासिक तथ्य, विभिन्न किसिमका किंवदन्ती र लेखकले अनुभव गरेका घटनाहरूमा आधारित भई सिर्जना गरिएको यस उपन्यासमा ज्यापु जातिको गौरवपूर्ण विगतको गाथाका माध्यमबाट समग्र ज्यापु जातिको आत्मगौरवलाई पुनर्जागरण गराउने महत्त्वपूर्ण कृतिका रूपमा स्थापित भएको छ। पौरस्त्य संस्कृतिका विभिन्न दृष्टान्तहरू यस उपन्यासभित्र घटित घटनाक्रमहरूमा देखा पर्दछन्। चाहे मल्ल राजाहरूका शासनका कुरा हुन् वा भौतिक संरचना निर्माण गर्ने सन्दर्भमा वा तन्त्रविद्याका सन्दर्भमा हुन् पूर्वीय दर्शन, संस्कृति र चिन्तन पृष्ठभूमिका रूपमा रहेकै देखिन्छ।

जाति प्रथाले ग्रस्त पारेको नेवारी समाजमा ज्यापु समुदायलाई तल्लो भूमिकामा राखिएको र वर्तमान सन्दर्भमा उनीहरूलाई अरू कुनै विषय पनि नजानेका निरीह किसान भनेर वर्गीकरण गर्ने गरिएको कामलाई लेखकले समस्त ज्यापु समाजमाथिको अन्याय भनेका छन्। वास्तवमा ज्यापु जाति विभिन्न कलाकौशल र प्रविधिले सम्पन्न र गौरवपूर्ण इतिहास भएको जातिका रूपमा रहेको तथ्य उपन्यासबाट उद्घाटित भएको छ। भक्तपुरका कलाकौशलको महिमागान गर्नु, त्यहाँको सामाजिक परिवेश, सांस्कृतिक मूल्य र ऐतिहासिक तथ्यहरूलाई प्रकाश पार्नु उपन्यासको महत्वपूर्ण पक्ष हो। औपन्यासिक मूल्य प्रदान गर्नका लागि विभिन्न शृङ्गारका प्रसङ्गहरूलाई पनि उपन्यासमा समावेश गरिएका छन्। शृङ्गारिक घटनाहरूका विवरण पाठकलाई रमाइलो गराउनका लागि मात्र नभएर ज्यापु समाजमा विद्यमान जाति प्रथाको खराब प्रभावलाई उदाङ्गो पार्ने क्रममा प्रस्तुत भएको छ। विस्मृतिको गर्तमा जानै लागेको ज्यापु जातिको गौरवपूर्ण इतिहासलाई प्रकाशन गर्दै 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी'को भावलाई पुनर्ताजगी गराउने काममा उपन्यासकार निकै सफल रहेका छन्। बाह्र महिनालाई बाह्र परिच्छेदको रूप दिएर उपन्यासकारले सानो उपन्यासमै पनि

भक्तपुरको समग्र आयामलाई समेट्ने प्रयास गरेको प्रतीत हुन्छ । कला कौशल र सामाजिक मूल्यको सूक्ष्म विश्लेषण गरी लेखिएको प्रस्तुत उपन्यासले ऐतिहासिक, सांस्कृतिक र सामाजिक मूल्यबोध गरेको छ । आञ्चलिक मूल्यलाई आत्मसात् गरी लेखिएको प्रस्तुत उपन्यासले साहित्यिक मूल्यका साथै भक्तपुरसँग सम्बन्धित ऐतिहासिक तथ्यहरूलाई समेत प्रकाशन गर्ने काम गरेको छ । यस अर्थमा उपन्यास निकै सान्दर्भिक रुचिकर र उच्च स्तरको बन्न पुगेको छ ।

## सन्दर्भ सामग्रीसूची


गौतम, किशोर (२०७४). *ख्वपदेश उपन्यासको कृतिपरक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

जङ्गम, भरत (२०६६). *ख्वपदेश.* नेपाली आवाज प्रकाशन प्रा.लि. ।

ढकाल, जुना (२०७४). *पात्रविधानका दृष्टिले ख्वपदेश उपन्यासको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पराजुली, कृष्णप्रसादसमेत (सम्पा.) (२०५५). *नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बराल, ऋषिराज (२०५६). *उपन्यासको सौन्दर्यशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, कान्ता (२०७८). ख्वपदेश उपन्यासमा विचरण गर्दा. *कालजयी व्यक्तित्व भरत जङ्गम भाग २.* (सम्पा.) हरि मञ्जुश्री. काठमाडौँ : भरत जङ्गम हीरक-महोत्सव समारोह समिति ।

भुसाल, प्रेमनारायण (२०७८). कालो सूर्य उपन्यासमा व्यङ्ग्यविधान. *पाटन प्रज्ञा. ८, पृ. २४४-२५४ https://www.nepjol.info/index.php/pragya/article/view/42451/32295*

सापकोटा, विष्णु (२०७८). ख्वपदेश : सङ्क्षिप्त चर्चा. *कालजयी व्यक्तित्व भरत जङ्गम भाग २.* (सम्पा.) हरि मञ्जुश्री. काठमाडौँ : भरत जङ्गम हीरक-महोत्सव समारोह समिति ।

सुवेदी, राजेन्द्र (२०५३). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति.* विराटनगर : भूमिका प्रकाशन ।